# लागू औषध दुर्व्यसनी न्यूनीकरण सम्बन्धी कार्यविधि, २०८१

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल।

स्वीकृत मिति: २०८१।१२।२०गते

# लागू औषध दुर्व्यसनी न्यूनीकरण सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः प्रदेश भित्र एवम् प्रदेश क्षेत्रमा जोडिएका नाकाहरूबाट हुने लागू औषध उपभोगलाई न्यूनीकरण गर्दै लागुऔषध दुर्व्यसनबाट नागरिकलाई बचाउन प्रदेशभित्र सञ्चालित लागू औषध पुनर्स्थापना केन्द्र एवम् प्रदेश प्रहरीसँगको समन्वय र सहकार्यमा प्रर्वधनात्मक कार्यक्रम सञ्चालन गरी उपयोगकर्ता तथा अभिभावकहरूमा सचेतना अभिवृद्धि गरी लागू औषध दुर्व्यसनको असर न्यूनीकरण गर्न वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "लागू औषध दुर्व्यसनी न्यूनीकरण सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान रकम निर्धारण तथा बाँडफाँड समिति" भन्नाले कार्यविधिको दफा ५ बमोजिम गठित अनुदान रकम निर्धारण तथा बाँडफाँड समिति सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ग) "प्रदेशस्तरिय पुनर्स्थापना केन्द्रको छाता संगठन" भन्नाले प्रदेशभित्र कार्यक्षेत्र भएका दुई वा दुई भन्दा बढी पुनर्स्थापना केन्द्रहरु आबद्ध भइ प्रचलित कानून बमोजिम दर्ता भई लागू औषध दुर्व्यसनी न्यूनीकरण गर्ने उदेश्यले स्थापना भएका संगठित संस्थालाई सम्झनु पर्छ।

(घ) "प्रदेश प्रहरी कार्यालय" भन्नाले बागमती प्रदेश प्रहरी कार्यालयलाई सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ।

(च) "मूल्याङ्कन समिति" भन्नाले कार्यविधिको दफा ११ बमोजिम गठित प्रस्ताव मूल्याङ्कन समिति सम्झनु पर्छ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) प्रदेशभित्र एवम् प्रदेश क्षेत्रमा जोडिएका नाकाहरूबाट हुने लागू औषध ओसारपसार, विक्री वितरण, उत्पादन र उपभोगलाई न्यूनीकरण गर्न प्रर्वधनात्मक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी उपयोगकर्ता तथा अभिभावकहरूमा सचेतना अभिवृद्धि गर्नु,

(ख) प्रदेशभित्र सञ्चालित लागू औषध पुनर्स्थापना केन्द्र वा पुनर्स्थापना केन्द्रको संगठन मार्फत सीपमूलक तालिम, गोष्ठी, सेमिनार, उत्प्रेरणा अभिवृद्धि जस्ता क्षमता विकास तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने,

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(ग) माध्यमिक तथा क्याम्पस तहमा अध्ययनरत विद्यार्थीहरुलाई सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने, गराउने।

४. <u>कार्यक्रम सञ्चालनः</u> (१) कार्यक्रम सञ्चालन देहाय बमोजिम गरिनेछः-

(क) मन्त्रालयले माध्यमिक तथा क्याम्पस तहमा अध्ययनरत विद्यार्थीहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(ख) प्रदेश प्रहरी कार्यालय मार्फत लागू औषध ओसारपसार, बिक्री वितरण, उत्पादन र उपभोगलाई न्यूनीकरण गर्न प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी उपयोगकर्ता तथा अभिभावकहरूमा सचेतना अभिवृद्धि गर्न सक्नेछ।

(ग) प्रदेश स्तरीय पुनर्स्थापना केन्द्रको संगठनहरु मार्फत लागू औषधको कुलतमा फसेका व्यक्तिहरूलाई सुधारगृहमा राखी सीपमूलक तालिम, गोष्ठी, सेमिनार, उत्प्रेरणा अभिवृद्धि जस्ता क्षमता विकास तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

५. <u>अनुदान रकम निर्धारण तथा बाँडफाँड समितिः</u> दफा (४) बमोजिमको अनुदान रकम निर्धारण तथा बाँडफाँड गर्न देहाय बमोजिमको अनुदान रकम निर्धारण तथा बाँडफाँड समिति रहनेछः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) महाशाखा प्रमुख (कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेका विषयसँग सम्बन्धित बढीमा तीन जना व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समिति, दफा ११ बमोजिमको मूल्याङ्कन समिति तथा उक्त समितिहरुको आमन्त्रित सदस्यहरुलाई प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ बमोजिम बैठक भत्ता तथा खाजा खर्च उपलब्ध गराउन सकिने छ।

६. <u>अनुदान रकम निर्धारण तथा बाँडफाँड समितिको काम, कर्तव्य र अधिकारः</u> अनुदान रकम निर्धारण तथा बाँडफाँड समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ४ बमोजिमका कार्यक्रम सञ्चालन गर्नका लागि रकम बाँडफाँड गर्ने।



मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(ख) मूल्याङ्कन समितिले सिफारिस गरेको प्रस्ताव वर्गीकरण गरी कार्यान्वयनका लागि बजेट उपलब्धता र कार्यक्रमको औचित्यताको आधारमा अनुदान रकम बाँडफाँट गरी वितरण गर्ने।

(ग) सम्झौता भएका संस्थाहरुले सम्झौता अनुसार कार्य सम्पादन भए नभएको विषयमा आवश्यकताअनुसार अनुगमन गरी आवश्यक निर्देशन दिने।

(ग) मूल्याङ्कन समितिलाई आवश्यक निर्देशन तथा समन्वय गर्ने।

७. **आवेदन माग गर्ने:** (१) दफा ४ को उपदफा १ को खण्ड (ग) वमोजिम प्रदेशस्तरीय पुनर्स्थापना केन्द्रसँग सम्बन्धित संगठनहरुमार्फत कार्यक्रम सञ्चालन गर्नका लागि मन्त्रालयले अनुसूची-१ बमोजिमको ढाँचामा पन्ध्र दिनको समय दिई आवेदन माग गर्न राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

(२) आवेदकले आवेदन साथ देहायका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) संस्था दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित संस्था वा व्यावसायिक फर्मको विधानको प्रतिलिपि,

(ग) अनुसूची-२ बमोजिमको संक्षिप्त कार्ययोजना,

(घ) कार्यक्रम प्रस्ताव,

(ङ) अन्तिम तीन आ.व. मा सञ्चालन गरिएका कार्यक्रम,

(च) आवश्यक जनशक्ति, प्रविधि र अध्ययन सामाग्रीको उपलव्धता सम्बन्धी विवरण,

(छ) कर चुक्ता प्रमाणपत्र,

(ज) अन्य आवश्यक कागजातहरू।

८. **प्रस्तावित कार्यक्रमको मूल्याङ्कनका आधार** (१) दफा ६ बमोजिमको समितिले आवेदन उपर मूल्याङ्कन तथा सिफारिस गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) बागमती प्रदेशभित्र लागू औषध दुर्व्यसनीवाट प्रभावित जिल्लाहरुलाई समेट्ने कार्यक्रम प्रस्ताव गरेको,

(ख) संस्थाले लागत साझेदारीको हिस्सा कम्तीमा १० प्रतिशत व्यहोर्ने सुनिश्चित गरेको

(ग) लाभान्वित हुने संख्या,

(घ) विगतमा सञ्चालन गरेको कार्यक्रमहरुको विवरण,

(ङ) संस्था स्थापना देखिको अनुभव र कार्यनतिजा,

(च) कार्यक्रम सञ्चालनका लागि आवश्यक जनशक्ति, प्रविधि र अध्ययन सामाग्रीको व्यवस्था।

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने मन्त्री

(२) उपदफा (१) अनुसारको मूल्याङ्कनको अंक विभाजन अनुसूची-३ वमोजिम हुनेछ।

९. <u>प्रदेश प्रहरी कार्यालय मार्फत गर्नु पर्ने कार्यहरुः</u> (१) प्रदेशभित्र एवम् प्रदेश क्षेत्रमा जोडिएका नाकाहरूबाट हुने लागू औषध ओसारपसार, विक्री वितरण, उत्पादन र उपभोगलाई न्यूनीकरण गर्न प्रर्वधनात्मक कार्यक्रम सञ्चालन गरी उपयोगकर्ता तथा अभिभावकहरूमा सचेतना अभिवृद्धि गर्न देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछः-

(क) जोखिमयुक्त क्षेत्रको पहिचान तथा नक्साङ्कन गर्ने।

(ख) सीमा नाकामा नेपाल प्रहरी र स्थानीय संस्थाहरूसँगको सहकार्यमा लागू औषध सम्बन्धी निगरानी कक्ष (होल्डिङ सेन्टर) सञ्चालन गर्ने।

(ग) लागू औषध सेवनकर्तालाई नियन्त्रणमा लिई होल्डिङ सेन्टरमा राखी मनोपरामर्श प्रदान गर्ने।

(घ) लक्षित वर्गका व्यक्तिहरूको पहिचान गर्ने र सम्बन्धित व्यक्तिका अभिभावकसँग अन्तरक्रिया कार्यक्रम गर्ने र निजहरूलाई अभिभावकको जिम्मा लगाउने।

(ङ) पुनर्स्थापना केन्द्रमै राखि सेवा दिनुपर्ने लागूपदार्थ सेवनकर्तालाई पुनर्स्थापना केन्द्रमा पठाउने।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम गर्नको लागि मन्त्रालयले वेवसाइट/ लिखित रुपमा प्रदेश प्रहरी कार्यालयलाई प्रस्ताव पेश गर्न सूचना प्रदान गर्ने छ।

(३) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएको मितिले १० दिन भित्र प्रदेश प्रहरी कार्यालयले मन्त्रालय समक्ष अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ।

(४) उपदफा (२) बमोजिमको प्रस्ताव उपर मूल्याङ्कन समितिले मूल्याङ्कन तथा अध्ययन गरी अनुदान रकम निर्धारण तथा बाँडफाँड समितिसमक्ष पेश गर्नेछ।

(५) अनुदान रकम निर्धारण तथा बाँडफाँड समितिले प्रस्तावउपर आवश्यक शर्त तथा निर्देशन समेत जारी गरी मूल्याङ्कन समितिको सिफारिसको समेत आधार लिई आवश्यकता र औचित्य पुष्टि हुने गरी कार्यक्रम सम्पन्न गर्न आवश्क बजेट निर्धारण गरी अनुसूची-५ बमोजिम सम्झौता गर्न सम्बन्धित शाखालाई निर्देशन दिनेछ।

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

१०. <u>मन्त्रालय मार्फत गर्नु पर्ने कार्यहरुः</u> (१) प्रदेश अन्तर्गतका माध्यमिक तथा क्याम्पस तहमा अध्ययनरत विद्यार्थीहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गर्न देहायबमोजिमको कार्यहरु गर्नेः-

(क) सामुदायिक क्याम्पस तथा विद्यालयहरुको छनोट गर्ने,

(ख) अन्तरक्रिया तथा छलफलका विषय वस्तुहरुको पहिचान, स्रोत सामग्रीहरुको व्यवस्था गर्ने,

(ग) विज्ञ तथा स्रोत व्यक्तिहरु तथा प्रशिक्षकको व्यवस्था गर्ने

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(२) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा दफा ५ बमोजिमको समितिले दफा ६ बमोजिम रकम बाँडफाँड भएपश्चात प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, २०७८ अवलम्बन गरिने छ।

११. **प्रस्ताव मूल्याङ्कन समितिः** (१) दफा ७ बमोजिम प्राप्त आवेदन उपर मूल्याङ्कन गरी अनुदान रकम निर्धारण तथा बाँडफाँड समिति समक्ष प्रस्ताव पेश गर्न देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

(क) शान्ति सुरक्षा हेर्ने महाशाखाका प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) कानून अधिकृत, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, सामाजिक विकास मन्त्रालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, स्वास्थ्य मन्त्रालय -सदस्य

(ङ) अधिकृत, प्रशासन तथा योजना शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(च) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(छ) शान्ति सुरक्षा तथा स्थानीय प्रशासन समन्वय शाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) मूल्याङ्कन समितिले दफा ७ बमोजिम पेस हुन आएका रीत पुगेका आवेदन उपर दफा ८ बमोजिमको आधारमा मूल्याङ्कन गरी आफ्नो सिफारिस सहितको प्रस्ताव अनुदान रकम निर्धारण तथा बाँडफाँड समितिसमक्ष पेस गर्नु पर्नेछ।

१२. **कार्यक्रमको सम्झौता एवम् रकम निकासाः** (१) दफा ५ बमोजिमको अनुदान रकम निर्धारण तथा बाँडफाँड समितिको सिफारिसको आधारमा प्रदेशस्तरीय पुनर्स्थापना केन्द्रको संगठनहरु र प्रदेश प्रहरी कार्यालयसँग अनुसूची-५ बमोजिमको ढाँचामा अलग अलग द्विपक्षीय सम्झौता गर्न सक्नेछ।

(२) सम्झौता बमोजिमको रकमको बढीमा ४० चालीस प्रतिशत पहिलो किस्तामा र बाँकी रकम अन्तिम किस्तामा निकासा गरिनेछ।

(३) कार्यक्रमको प्रगति प्रतिवेदन, खर्चको विल भरपाईको प्रतिलिपि लगायत अन्य आवश्यक कागजातहरु सहित अन्तिम किस्ताको रकम जेठ मसान्तभित्र माग गरी सक्नु पर्नेछ।

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने मन्त्री

(४) स्वीकृत भएको कार्यक्रम/परियोजना सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। योजनाको प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा दोस्रो किस्ता वापतको रकम निकासा हुनेछैन।

१३. **खर्च व्यवस्थापनः** कार्यक्रम सञ्चालनका लागि मन्त्रालयमा भएको बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्य र अनुगमनमा बढीमा १० प्रतिशत रकम सम्बन्धित शीर्षकबाट खर्च गर्न सकिनेछ।

१४. **लेखा तथा लेखापरीक्षणः** यस कार्यविधिमार्फत कार्यक्रम सञ्चालन वापत प्राप्त गरेको रकमको प्रदेश सरकारको लेखा प्रणाली अनुसार लेखा राखी प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्नु पर्नेछ। सो लेखापरीक्षण प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्ने छ।

१५. **सरकारी बाँकी सरह असुलउपर गरिनेः** सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा निकासा भएको रकम सम्बन्धित निकायबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

१६. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानून बमोजिम हुने छ।

१७. **बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१८. **कार्यविधिमा संशोधनः** मन्त्रालयले आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमती लिई यो कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

## अनुसूची- १

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**आवेदनको ढाँचा**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
बागमती प्रदेश,हेटौडा ।

विषयः कार्यक्रम अनुदानका लागि प्रस्ताव पेस गरिएको।

तहाँ मन्त्रालयबाट मिति..... मा प्रकाशित सूचना अनुसार यस संस्था कार्यक्रम अनुदानका प्राप्त गर्न इच्छुक रहेकोले संस्थाको मिति ..... को बैठकबाट निर्णय गरी सूचनामा तोकिएका तपशिलका कागजातहरू संलग्न राखी यो आवेदन पेश गरिएको छ। "लागू औषध दुर्व्यसनी न्यूनीकरण सम्बन्धी कार्यविधि, २०८१" को शर्त, बन्देजहरू पालना गर्न संस्था मञ्जुर रहेको व्यहोरा अनुरोध छ।

तपसिलः

१. संस्थाको नाम र ठेगानाः
२. दर्ता मितिः
३. दर्ता गर्ने निकायः
४. कार्यक्षेत्रः
५. कार्यालय रहेको स्थानः
६. संस्थाको छापः

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अध्यक्ष/प्रमुखको दस्तखतः
नाम, थर :
सम्पर्क नं. :

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

अनुसूची- २

(दफा ७ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

## संक्षिप्त कार्ययोजना

१. माग गर्ने संस्थाको :

(क) नाम :

(ख) जिल्ला :

(ग) स्थानीय तह (मनपा/उपमनपा/नपा/गापा):

(घ) वडा नं. :

(ङ) टोल :

(च) फोन, फ्याक्स र ईमेल :

२. माग गरेको रकम :

३. संस्थाको कार्यसमिति/संचालक समितिले पारित गरेको मितिः

४. संक्षिप्त कार्ययोजना

| क.सं. | कार्यक्रम सम्बन्धी विवरण | कार्यान्वयन गरिने जिल्लाहरु र संस्था | अनुगमन गर्ने निकाय | सम्पन्न गर्न लाग्ने अवधि | अनुमानित वजेट | लागत साझेदारीको अंश | लाभान्वित संख्या | अपेक्षित प्रतिफल | सम्भावित जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

अनुसूची- ३

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**संस्था छनोटका आधारहरु**

१. **बागमती प्रदेशभित्र लागू औषध दुर्व्यसनीबाट प्रभावित जिल्लाहरुलाई समेट्ने कार्यक्रम प्रस्ताव गरेको आधारमा -२० अंक**

| | | |
|---|---|---|
| (क) | कम्तीमा दुई जिल्लाको लागि | ५ अंक |
| (ख) | तीन देखि छ जिल्लाको लागि | १० अंक |
| (ग) | सात देखि दश जिल्लाको लागि | १५ अंक |
| (घ) | एघार देखि तेह्र जिल्लाको लागि | २० अंक |

२. **संस्थाले लागत साझेदारीको हिस्साको आधारमा- २० अंक**

| | | |
|---|---|---|
| (क) | दश प्रतिशत लागत साझेदारीको सुनिश्चितता भएमा | १० अंक |
| (ख) | एघार देखि बीस प्रतिशत लागत साझेदारीको सुनिश्चितता भएमा | १५ अंक |
| (ग) | एक्काईस देखि तीस प्रतिशत लागत साझेदारीको सुनिश्चितता भएमा | २० अंक |

३. **लाभान्वित हुने संख्याको आधारमा – २० अंक**

| | | |
|---|---|---|
| (क) | लाभान्वित हुने संख्या १०० सम्म भएमा | ५ अंक |
| (ख) | लाभान्वित हुने संख्या १०१ देखी २०० सम्म भएमा | १० अंक |
| (ग) | लाभान्वित हुने संख्या २०१ देखी ३०० सम्म भएमा | १५ अंक |
| (घ) | लाभान्वित हुने संख्या ३०१ भन्दा माथी भएमा | २० अंक |

४. **विगतमा अन्तिम ३ वर्ष सञ्चालन गरेको कार्यक्रमहरुको विवरणको आधारमा -१०अंक**

| | | |
|---|---|---|
| (क) | लागू औषध सम्वन्धी तीन वटासम्म कार्यक्रम गरेको भएमा | ५ अंक |
| (ख) | लागू औषध सम्वन्धी चार वा सो भन्दा वढी कार्यक्रम गरेको भएमा | १० अंक |

५. **संस्थाको स्थापनाको आधारमा- १० अंक**

| | | |
|---|---|---|
| (क) | संस्थाको स्थापना भएको दुई वर्ष पुगि १०० भन्दा कम ब्यक्तिहरुमा योगदान गरेको | ५ अंक |
| (ख) | संस्थाको स्थापना भएको दुई वर्ष पुगि १०० भन्दा बढी ब्यक्तिहरुमा योगदान गरेको | १० अंक |

६. **कार्यक्रम सञ्चालनका लागि आवश्यक जनशक्तिको आधारमा -१० अंक**

| | | |
|---|---|---|
| (क) | संस्थामा आवद्ध जनशक्ति १० जनासम्म भएमा | ५ अंक |
| (ख) | संस्थामा आवद्ध जनशक्ति १० जना भन्दा वढि भएमा | १० अंक |

७. **कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रविधि र अध्ययन सामग्रीको व्यवस्थाको आधारमा -१० अंक**

| | | |
|---|---|---|
| (क) | ल्यापटप, क्यामरा प्रोजेक्टर, प्रिन्टर लगायतका सामाग्री भएमा | ५ अंक |
| (ख) | ल्यापटप, क्यामरा प्रोजेक्टर, प्रिन्टर लगायत व्रोसर, सचेतनामूलक सामाग्रीहरु भएमा | १० अंक |

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

## अनुसूची- ४

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

**<u>प्रस्तावको ढाँचा</u>**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
बागमती प्रदेश,हेटौडा ।

विषयः कार्यक्रम अनुदानका लागि प्रस्ताव पेस गरिएको।

तहाँ मन्त्रालयबाट मिति..... को सूचना अनुसार यस कार्यालयबाट कार्यक्रम अनुदानका प्राप्त गर्न इच्छुक रहेकोले तपशिलका कार्ययोजना प्रस्तावसहित लागू औषध दुर्व्यसनी न्यूनीकरण सम्बन्धी कार्यविधि, २०८१ को शर्त, बन्देजहरू पालना गर्न कार्यलय मञ्जुर भई यो निवेदन पेश गरिएको छ।

**<u>तपशिल</u>**

(क) माग गर्ने कार्यालयको नामः
(ख) कार्यक्रम प्रस्तावको विवरण :
(ग) कार्यान्वयन गरिने जिल्लाहरु र संस्था :
(घ) सम्पन्न गर्न लाग्ने अनुमानित रकमः
(ङ) सम्पन्न गर्न लाग्ने अवधिः
(च) लाभान्वित संख्या :
(छ) अपेक्षित प्रतिफलः

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

कार्यालयको छाप :

प्रमुखको दस्तखतः
नाम, थर :
सम्पर्क नं. :

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

## अनुसूची- ५

(दफा ९ को उपदफा (५) तथा दफा १२ को उपदफा १ सँग सम्बन्धित)

### सम्झौताको ढाँचा

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानून मन्त्रालय (यस पछि पहिलो पक्ष भनिएको) र ............................संस्था/कार्यालय (यस पछि दोस्रो पक्ष भनिएको) का बीच .......................कार्यका लागि पक्षले उपलब्ध गराएको अनुदान रकमवाट..................कार्य गर्ने गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही दुवै पक्षको सहमतिमा हस्ताक्षर गरी सम्झौता लियौं दियौं।

१. "लागू औषध दुर्व्यसनी न्यूनीकरण सम्बन्धी कार्यविधि, २०८१" मा उल्लेख भएका प्रावधानहरूको अक्षरस पालना गरिने छ ।
२. दोस्रो पक्षले प्राप्त गरेको अनुदान रकम चालु आ.व भित्र खर्च हुने गरी अनुदान वापतको कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
३. दोस्रो पक्षले कार्यकम कार्यान्वयनको प्रगति विवरण समय समयमा मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।
४. दोस्रो पक्षले अन्तिम भुक्तानी लिन आउँदा कार्यक्रम सञ्चालन र खर्चको विवरण तथा उपलब्धी सहितको कार्य सम्पन्न प्रतिवेदन पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।
५. अनुदान रकम उपलब्ध गराइएका संस्थाहरु/कार्यालयले अनुदानसँग सम्बन्धित कार्यक्रमहरु गरे, नगरेको अनुगमन पहिलो पक्षले गर्ने/गराउन सक्नेछ।
६. सम्झौता बमोजिम कार्य भए/नभएको अनुगमन गर्न अनुदान रकम निर्धारण तथा बाँडफाँड समिति विषयविज्ञ सहितको अनुगमन समिति गठन गर्न सक्नेछ।
७. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको अनुगमनको क्रममा पाईएमा मन्त्रालयले अनुदान रकम रोक्का गर्न सक्नेछ।
८. कार्यविधी बमोजिमको अनुदान रकम पहिलो पक्षले दोस्रो पक्षलाई सोही आर्थिक वर्षभित्र उपलब्ध गराइसक्नुपर्नेछ र रकम उपलब्ध गराउँदा पहिलो पक्षले आवश्यक कागजात माग गर्न सक्नेछ।
९. आवश्यकतानुसार दुवै पक्षको सहमतिमा शर्तहरु थपघट गर्नसकिनेछ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश हेटौडा।

पहिलो पक्षका साक्षीहरुः

दोस्रो पक्षका साक्षीहरुः

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री